Received Date: April 2023 Revised: May 2023 Accepted: June 2023

पुस्तक समीक्षा (Book Review )

# तराईका भूमिगत संगठनका मागहरू र सरकारको सम्वोधन

**विजयप्रसाद मिश्र, पिएचडी**

सह प्राध्यापक

पाटन संयुक्त क्याम्पस पाटनढोका, ललितपुर

Email : vijayamishra40@gmail.com

Doi : https://doi.org/10.3126/ppj.v3i01.59084

**सार :**

*मधेसी समुदायले मधेसीहरूको हकहितका लागि निर्वाचनमा भाग लिने गरी मधेस केन्द्रित राजनीतिक पार्टीहरू खोलेजस्तै भूमिगत रूपमा सशस्त्र आन्दोलन गर्नेगरी केही भूमिगत संगठनहरू वि.सं. २०५० सालदेखि वि.सं. २०६४ सालसम्म पटक पटक खुलेका थिए । सप्तरीका जयकृष्ण गोइतले वि.सं. २०६१ साल साउन ११ गते तराई जनतान्त्रिक मुक्ति मोर्चा खोलेपछि मधेसमा भूमिगत सशस्त्र गतिविधि बढेको थियो । संविधानसभाको निर्वाचन हुनु अघिदेखि नै भूमिगत संगठनहरूले विज्ञप्ती जारी गरेर मागहरू प्रस्तुत गर्ने र सरकारले समेत बार्ताका लागि पत्रहरू पठाउने कामहरू गरिरहेको थियो । संविधानसभाको निर्वाचन पछि संविधानसभा नियमावली, २०७० को नियम ६५ को उपनियम (८) बमोजिम संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिले 'संविधानसभा बाहिर रहेका विभिन्न राजनीतिक दल तथा सरोकारवालाहरूसंग वार्ता गरी संविधान निर्माणमा सबैको सहयोग जुटाउनु पर्ने भन्ने उत्तरदायित्व र जिम्मेवारी पुरा गर्न संवैधानिक- राजनीतिक संवाद तथा सहमति समितिले मिति २०७१ जेठ ८ गते गठित प्रारम्भिक वार्ता उपसमितिले सो अनुरूप नेपाल सरकारका सहमति र सहकार्यमा विभिन्न समयमा विभिन्न राजनीतिक दल, सशस्त्र समूहहरूसंग बर्ता गर्दै आएको थियो । यो क्रम वि.सं. २०७५ सालमा सरकारले सांसद सोमप्रसाद पाण्डेको संयोजकत्वमा गठन गरेको राजनीतिक वार्ता टोली, २०७५ले समेत पटक पटक बार्ताहरू गरेर संझौता गर्ने, कारागार, गृह प्रशासन लगायतलाई पत्रहरू पठाएर निर्णयहरू पठाउने र सुरक्षाको व्यवस्था मिलाउन भन्ने जस्ता कुराहरू गरेको थियो ।*

*पटक पटक बार्तामा बसेर संझौताहरू गर्ने भूमिगत सशस्त्र संगठनहरूले हतियारहरू बुझाउने, आफ्नो सशस्त्र आन्दोलन त्याग्ने कामहरू गरेका भएपनि उनीहरूले आन्दोलनको समयमा उठाएका मागहरूलाई सम्बोधन गर्नुभन्दा तत्काल भूमिगतसंगठनका मानिसहरूलाई आन्दोलन रोक्न लगाउने र उनीहरूको बन्दी र लागेका मुद्दाहरू खारेज गर्ने आश्वासन सहितको सहमतिहरू भएको पाइन्छ । तर वि.सं. २०८० को भदौ मसान्तसम्म पनि बार्तामा भएका सहमतिहरू कार्यान्वय भएन भनेर सरकारसंग बार्ता गरिसकेका २७ वटा संगठनहरूले साझा रूपमा 'सहमति कार्यान्वय सहयोग अभियान' मार्फत सरकारलाई सहमति कार्यान्वयन गर्न दवाव दिइरहेका छन् । सहमतिहरू आंशिक रूपमा कार्यान्वयन भए पनि पूर्णरूपमा कार्यान्वयन भएका छैनन् । यसले मधेसमा पुनः सशस्त्र भूमिगत संगठनहरू सक्रिय हुनसक्ने सम्भावनाहरू बढेर गएको देखिन्छ ।*

**शब्दकुञ्जी :** अन्तर्राष्ट्रियकरण, आत्मनिर्णय, भूमिगत, मौद्रिक नीति र स्वायत्त ।

**परिचय :**

नेपालमा मधेसीको हक अधिकारका लागि विभिन्न राजनीतिक पार्टीहरू खुले पनि सशस्त्र भूमिगत संगठनको रूपमा सर्वप्रथम वि.सं. २०५० बैशाख १७ गते बाँके जिल्लाको भूमिगत स्थानमा भएको भेलाले सप्तरी जिल्लाका आर.डी. आजादको नेतृत्वमा मधेश मुक्ती संगठनको गठन भएको हो (मिश्र, २०७४ : २२२) । त्यसपछि वि.सं. २०५४ साल असार ३१ गते तराई लिवरेशन टाइगर्स नामक सशस्त्र भूमिगत संगठन राजन

प्रतापको संयोजकत्वमा खोलिएको थियो, जसलाई वि.सं. २०५८ साल भाद्र १९ गतेदेखि मधेसी मुक्ति टाइगर्स भनियो - मिश्र, २०७४ : ३५१ ) । वि.सं. २०६१ साल साउन ११ गते सप्तरीका जयकृष्ण गोइतले जनतान्त्रिक तराई मुक्ति मोर्चा गठन गरेका थिए (मिश्र, २०७४ : २७०) । त्यसपछि पटक पटक गरेर नेपालमा सयभन्दा बढी भूमिगत संगठनहरू निर्माण भए ।

मधेसका भूमिगत पार्टी र समुहहरूलाई नेपाल सरकारले बर्ताको माध्यमबाट राजनीतिको मूलधारमा ल्याउने प्रयास गर्ने क्रममा महन्थ ठाकुर, जनार्दन शर्मा, रकम चेमजोङ, सत्य पहाडी, आनन्द प्रसाद ढुङ्गाना र सोमप्रसाद पाण्डेको नेतृत्वमा फरक फरक समयमा फरक फरक बार्ता टोलीहरू बनाएर तराई र पहाडी भेगमा आन्दोलन गरिरहेका सशस्त्र पार्टी र समुहहरूसंग बर्ता गरेका थिए । जयकृष्ण गोइतले नेतृत्व गरेको अखिल जनतान्त्रिक तराई मुक्ति मोर्चा, ज्वाला सिंहले नेतृत्व गरेको जनतान्त्रिक तराई मुक्ति मोर्चा, राजन प्रतापले नेतृत्व गरेको मधेसी मुक्ति टाइगर्स भने अझै सरकारसंग बर्तामा आएका छैनन् । बार्ता गरेर संझौता गर्नेहरूलाई सरकारको तर्फबाट बार्ताटोलीले गरेको संझौताहरू समेत पूर्णरूपमा कार्यान्वयन भइसकेको छैन ( सिंह, अनिलकुमार : २०८० भदौ ७) । यस अनुसन्धानात्मक लेखमा तराईका भूमिगत सशस्त्र पार्टीहरूका मागहरू, उनीहरूले सरकारसंग गरेको संझौताहरू र त्यसको कार्यान्वयनको अवस्थाको बारेमा व्याख्या विश्लेषण गरिएको छ ।

**उद्देश्य :**

यस अनुसन्धानात्मक लेखका निम्न उद्देश्यहरू रहेका छन् ।

(क) मधेसमा भूमिगत सशस्त्र समुहहरूले राखेका मागहरूको बारेमा जानकारी दिने ।

(ख) भूमिगत सशस्त्र संगठनहरूसंग सरकारले गरेको बर्ता र संझौता बारे बुझ्ने ।

(ग) सरकार र भूमिगत सशस्त्र पार्टी तथा समूहबीच भएको संझौताको कार्यान्वयनको अवस्था बुझ्ने ।

**अध्ययन विधि :**

यस लेखमा प्रयोग गरिएका सूचनाहरू प्रथम तथा द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ । तराईका भूमिगत सशस्त्र पार्टी र समुहहरूले जारी गरेका विज्ञप्तीहरू, उनीहरूले सरकारसंग गरेको बर्ताको क्रममा गरिएका सम्झौताहरू, वार्तामा बसेकाहरू र अन्य सशस्त्र गतिविधि गर्नेहरूसंग गरिएको अन्तर्वार्ता र त्यस सम्बन्धमा पहिले नै प्रकाशन भएका पुस्तक, लेख र पार्टीगत घोषणापत्रहरू, जर्नलहरू र अन्य अप्रकाशित दस्तावेजहरूबाट सूचना प्राप्त गरी व्याख्यात्मक र विश्लेषणात्मक विधि अपनाएर सरल र स्पष्ट रूपमा प्रस्तुत गरिएको छ ।

**विषय प्रवेश र विश्लेषण :**

वि.सं. २०१० सालमा सिरहाका बेदानन्द झाले गठन गरेको तराई कांग्रेसले पहिलो पटक नेपालमा संस्थागत रूपमा मधेसी मुद्धालाई उठाएको हो (झा, सन् १९९४ : २७) । सप्तरीकै रघुनाथ ठाकुरले नेपालको बृटिश इष्ट इण्डिया कम्पनी र भारत सरकारसंग भएका विभिन्न सन्धीहरूको हवाला दिंदै तराई संयुक्त राष्ट्र संघको विधानको ७३ सेक्सन अन्तर्गत पर्ने भएकोले स्वतन्त्र हुनुपर्दछ भन्ने माग राखेका थिए । यसकालागि उनले 'मधेश जनक्रान्तिकारी दल' खोलेका थिए । उनले पनि नेपाल सरकारसंग अधिकार खोस्न मधेशीहरूको आफ्नै आर्मि बनाउने योजना बनाएका थिए । ठाकुरले तराईको आफ्नै बैदेशिक नीति हुनुपर्ने, आफ्नै आर्मि, प्रहरी र व्यूरोक्रेट हुनु पर्ने, आफ्नै कानून र घरेलु र बाहय व्यापारिक नीति मधेशीहरूले नै तोक्न पाउनु पर्ने जस्ता मागहरू राखेका थिए (ठाकुर, २०५२ : ८३) ।

पञ्चायत कालको अन्तिम चरणमा सप्तरीका गजेन्द्र नारायण सिंहले शुरुमा सद्भावना परिषद खोलेका थिए भने बहुदलिय व्यवस्थाको पुनर्स्थापना पछि वि.सं. २०४७ सालमा नेपाल सदभावना पार्टी खोले । सद्भावनापाार्टीको पहिलो महाधिवेशनको नारा नै 'सद्भावना पार्टी ने दिया आबाज । मधेसिया लेगा सौ मे

पचास ।' भन्ने थियो । अर्थात, कर्मचारी, सेना, जनप्रतिनिधि सबै क्षेत्रमा मधेसीलाई ५० प्रतिशत आरक्षण माग गरेका थिए । त्यसपछि वि.सं. २०५४ मा मधेसी जनअधिकार फोरम गठन भएको थियो भने मधेस आन्दोलनले नै तराई मधेस लोकतान्त्रिक पार्टी जन्माएको थियो । मधेसमा चुनावमा भाग लिने र नलिने धेरै खाले राजनीतिक पार्टी र सशस्त्र समुहहरू खुले । यहाँ सशस्त्र गतिविधि गर्ने मधेसका पार्टी र समूहहरू माग र सरकारले गरेका बार्ता र कार्यान्वयनको अवस्थामा केन्द्रित गरि व्याख्या विश्लेषण गरिएको छ ।

सशस्त्र भूमिगत संगठनको रूपमा सर्वप्रथम वि.सं. २०५० बैशाख १७ गते बाँके जिल्लाको भूमिगत स्थानमा भएको भेलाले सप्तरी जिल्लाका आर.डी. आजादको नेतृत्वमा मधेश मुक्ती संगठनको गठन भएको हो ( मिश्र, २०७४ : २२२) । त्यसपछि वि.सं. २०५४ सालमा राजन प्रताप अध्यक्ष भएको मधेसी मुक्ति टाइगर्सको र वि.सं. २०६१ साल साउन ११ गते सप्तरीका जयकृष्ण गोइत अध्यक्ष भएको जनतान्त्रिक तराई मुक्ति मोर्चा गठन भएको थियो (मिश्र, २०७४: २७०) । गोइतले पछि पार्टीको नाम फेरेर अखिल तराई मुक्ति मोर्चा राखे । त्यसपछि पटक पटक गरेर नेपालमा सयभन्दा बढी भूमिगत संगठनहरू निर्माण भए । सशस्त्र भूमिगत संगठनहरू फुट्ने र नयाँ पार्टी खुल्ने क्रम चलिरहेको थियो । सोही क्रममा जनतान्त्रिक तराई मुक्ति मोर्चा फुटेर ज्वाला सिंह समुह बन्यो र त्यसबाट पनि फुटेर वि.सं. २०६३ सालमा संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा गठन भयो । त्यही पार्टीलाई पछि वि.सं. २०६४ सालमा रामबाबु यादव ( रणबीर सिंह)को नेतृत्वमा मधेश राष्ट्र जनतान्त्रिक पार्टी ( क्रान्तिकारी ) पार्टी खोले (सिंह, अनिल : २०८० भदौ ७) । वि.सं. २०५० सालदेखि संविधानसभाको निर्वाचनसम्म धेरै खाले सशस्त्र समूहहरू गठन भए । यहाँ सयभन्दा बढी शसस्त्र समुहरूको भन्दा मूख्य रूपमा केही संगठन भएकाहरूको माग र उनीहरूसंग सरकारले गरेको वार्ताको अवस्थाको बारेमा चर्चा गरिएको छ ।

**क) जयकृष्ण गोइतले नेतृत्व गरेको अखिल तराई मुक्ति मोर्चाका मागहरू :**

जयकष्ण गोईतले वि.सं.२०६३ चैत २६ गते जारी गरेको एक विज्ञप्तीमा जनतान्त्रिक तराई मुक्ति मोर्चाको पोलिटब्यूरो बैठकले गरेको निर्णय अनुसार भनी नेपाली शासकले तराई छोडनु पर्ने, तराई स्वतन्त्र राज्य हुनु पर्ने, तराईको शासन तराईको मूलबासीले गर्न पाउनु पर्ने, तराईको सम्पूर्ण राजस्व तराईको विकासमा खर्च गर्नुपर्ने जस्ता मागहरू राखेका थिए । गोइतले नेतृत्व गरेको पार्टी अहिले पनि तराई स्वतन्त्र राज्य हुनुपर्दछ भन्नेमा नै अडिग छ । उनको पार्टी विभिन्न समुहमा विभाजन हुँदै सरकारसंग बार्ता गरेपनि मूल रूपमा जयकृष्ण गोइतले शुरुमा तत्कालिन मन्त्री हृदयेश त्रिपाठीसंग अनौपचारिक बार्तालाप गरेपनि पछि बार्ताको पत्र लिन मानेनन् । २०८० सालको भदौ मसान्तसम्म उनले सरकारसंग बार्ता गरेका छैनन् ।

तर, गोइतले २०६१ साल साउन ११ गते जारी गरेको पहिलो विज्ञप्तीमा तराईलाई स्वतन्त्र राज्यको रूपमा माग गरिएको छैन । उनले तराईलाई आत्मनिर्णय सहितको संघीय राज्य बनाउनका लागि भुमिगत रूपमा सशस्त्र संघर्ष गर्न जनतान्त्रिक तराई मुक्ति मोर्चा गठन गर्नुपरेको उल्लेख गरेका थिए । लहानमा भएको मधेश आन्दोलनको शुरुवाती कै दिन २०६३ माघ ५ गते विजयकान्तलाल कर्ण, अमरेश सिंह र रामरिझन यादव जयकृष्ण गोइतलाई बार्ताका लागि भेट्न भारत गएका थिए ( यादव, रामरिझन : २०८० भदौ २६ ) । यादवका अनुसार शुरुमा लामो समय जयकृष्ण गोइतले नेपालको मधेसवारे ऐतिहासिक दस्तावेजहरू देखाउँदै मधेस स्वतन्त्र देश हुनुपर्दछ भनेर आफ्नो तर्क दिए । भेट्न जानुभएका तीनैजनाले धैर्यपूर्वक गोइतको कुरा सुनेपछि अन्यमा उहाँहरूले गोइतलाई तपाई बार्तामा आउनुस, मूलधारको राजनीतिमा आए हुन्थ्यो भनेर संझाउन कोशिश गर्नु भयो । तर गोइतले स्वतन्त्र तराईभन्दा तलको लाइन नलिने अडान लिनुभएकोले रित्तो हात फर्किनु भएको थियो (यादव, रामरिझन : २०८० भदौ २६) ।

त्यसपछि पनि सरकारले गोइत निकटका राजधानीमा बस्ने एक मानवअधिकारकर्मी मार्फत बार्ताको लागि पत्र पठायो तर त्यो पत्र सप्तरीको भारदहमा रहेको एक सहकारीवाट पुनः सरकारलाई नै फिर्ता पठाइएको

थियो । गोइतले पत्र बुझ्नेनन् । त्यसवखत अनुसन्धानकर्ता स्वयंसंग टेलिफोनमा जयकृष्ण गोइतले सरकारको नियत ठग्नेमात्र भएकोले बार्ता गर्न नसकिने बताउनु भएको थियो । पछि, गोइतले संयुक्त राष्ट्रसंघको मध्यस्तता भएमा बार्ता गर्ने पत्र सरकारलाई पठाए । त्यतिखेर अनमिनका प्रमुख इयान मार्टिनले मार्च ३१, २००८ मा विराटनगरको एक कार्यक्रममा जनतान्त्रिक तराई मुक्ति मोर्चाको गोइत समुहले बार्ताको लागि मध्यस्तता गरिदिन पत्र पठाएको तर जवसम्म दुबै पक्षवाट सहयोगकोलागि माग गरिंदैन तबसम्म अनमिनले केही गर्न नसक्ने वताएका थिए ।

**ख) तराई जनतान्त्रिक मुक्ति मोर्चा (ज्वाला सिंह) का मागहरू :**

ज्वाला सिंहले नेतृत्व गरेको जनतान्त्रिक तराई मुक्ति मोर्चाले संविधानसभाको निर्वाचन अघि राखेका मागहरू (सिंह, ज्वाला : २०६३ फागुन ४ गते ) ::

१) तराईलाई स्वतन्त्र राज्य घोषणा गर ।
२) सेना,प्रहरी र प्रशासनका सम्पूर्ण संयन्त्रहरूमा मधेशीहरूको नियुक्ति गर ।
३) पुरानो निर्वाचन क्षेत्रलाई विघटन गरी समान जनसंख्याको आधारमा निर्वाचन क्षेत्रताकि समानुपातिक सहभागिता गर ।
४) मधेशी कै संयोजकत्वमा पुनजनगणना गर ।
५) तराईवाट उठेको राजस्व तराई कै विकासको लागि खर्च गर ।
६) सशस्त्र द्वन्द्वको क्रममा मारिएका प्रत्येक मधेशीको परिवारलाई १५ लाखको दरले मुआब्जा देऊ ।
७) माओवादीद्वारा कब्जा गरेको मधेसीको जग्गा फिर्ता गर ।
८) तराईवाट चन्दा आतंक र कर उठाउन बन्द गर ।
९) मधेसीको संयोजकत्वमा जिल्लादेखि केन्द्र सम्म नागरिकता वितरण गर्ने व्यवस्था गर ।
१०) महान् सहिद देवनारायण यादव, विजयकुमार महतो, अजय यादव, राजकुमार मिश्र लगायत सप्तरीमा हाम्रो मोर्चाका नेता कार्यकर्ताको हत्या र मधेश आन्दोलनको क्रममा मार्ारिएका अन्य सहिदहरूको हत्याको उच्च स्तरिय न्यायिक छानविन आयोग गठन गरि अविलम्ब जाँचबुझ प्रारम्भ गर र दोषि माथि कारवाही गर । मोर्चाको नेता कार्यकर्ता माथि लगाइएका झुठा मुद्दा खारिज गर र मधेश आन्दोलनमा बलिदानी दिएका मधेशी सपूतहरूलाई सहिदको दर्जा दिने घोषणा गर । ( स्रोत : ज्वाला सिंहले मिति २०६३ फागुन २ गते जारी गरेको विज्ञप्ती)

पछिल्लो पटक सरकारी बार्ताटोलीको पत्र प्राप्त भएपछि ज्वाला सिंहले २०६५ असोज ३० गते जारी गरेको प्रेश विज्ञप्तीमा 'नेपाल सरकारले पत्रमार्फत वार्ता द्वारा तराईको समस्या समाधान गर्ने तत्परता देखाएकोले हामी पनि बार्ता विरोधी नभई राजनितिककर्मि भएकोले सरकारले ईमान्दारी साथ तपशिलमा उल्लेख भएको न्यूनतम शर्तहरू ३० दिन भित्र पुरा गरे हाम्रो मोर्चाले बार्ताको एजेण्डा सहित बार्ताटोलीको नाम सार्वजनिक गर्ने छ' भनि उल्लेख गरेका थिए । उनले सो विज्ञप्तीमा बार्ता अघि सरकारले पुरागर्नुपर्ने मागमा निम्न राखेका थिए ।

१) हाम्रो मोर्चाको नेता तथा कार्यकर्ताहरूलाई रिहा गरी झुठ्ठा मुद्दाहरू खारिज गर्नु पर्ने ।
२) सरकारद्वारा युद्ध विराम गर्नुपर्ने ।
३) बार्ताटोलीलाई सुरक्षाको पूर्ण ग्यारेण्टी गर्नु पर्ने ।
४) तराईको गाउँगाउँमा राखिएको सेना,प्रहरी र सशस्त्रहरूलाई जिल्लामा फिर्ता बोलाई जिल्ला मै स्थापित गर्नुपर्ने ।

बार्ताको प्रसंग चलिरहेकै वेला ज्वाला सिंहले राखेको पूर्वसर्तहरूमा कटौती गर्दै उनका पार्टीका विराटनगर, महोत्तरी र सर्लाही कारागारमा थुनामा रहेका तीन जना केन्द्रिय स्तरका नेतालाई रिहा गरे बार्तामा जाने उल्लेख गरेका थिए (सिंह, ज्वाला : २०६४ फागुन ४) । सरकारले महोत्तरी कारागारवाट एक जनालाई रिहा गरेपनि अन्य दुईलाई राजनीतिक निर्णयको आधारमा रिहा गर्न नमिल्ने भएपछि सरकारले प्रकृया पुरा गरेर विस्तारै रिहा

गर्ने तर, बार्ता प्रारम्भ गर्नु भन्ने जवाफ दिएको थियो । सर्त पुरा नभएकोले वा विश्वासको संकट भएकोले बार्ता हुन सकेन ।

**ग) मधेश मुक्ति टाइगर्सका मागहरू :**

मधेशी मुक्ति टाइगर्सले विभिन्न समयमा जारी गरेको प्रेस विज्ञप्तीको आधारमा उनीहरूको मागहरू निम्न लिखित थिए ।

१. हालसम्म मधेश मुक्ति आन्दोलनको क्रममा मुत्यु भएका सम्पूर्ण मधेशीहरूलाई सहिद घोषणा गरी प्रति परिवार २० लाख रूपैयाको दरले क्षति पुर्ती दिनुका साथै मृतकका परिवारवाट एक जनाको रोजगारको ग्यारेन्टी गरिनु पर्ने ।
२. मधेश मुक्ति कर्मीहरू माथि लगाएका मुद्दाहरू खारेजी तथा सम्पूर्ण वन्दीहरूलाई विना सर्त रिहाई गर्नु पर्ने ।
३. मधेश आन्दोलन दमनकारी, अत्याचारी तथा हत्याराहरूको नाम सार्वजनिक गरी सक्त कारवाही गर्नु पर्ने ।
४. वृटिस ईस्ट ईण्डिया कम्पनी र नेपाल सरकार विच भएको सुगौलि सन्धि पछि हालसम्म डर, त्रास, जाल, भ्mेल, लोभ, लालच देखाई विदेशी तथा पहाडि वर्गद्धारा कव्जा गरिएका मधेश भूमि मधेशीकरण गरी मधेशका मधेशी, दलित, गरिव, सुकुम्वासी तथा कमैयाहरूलाई वितरण गर्नु पर्ने ।
५ गैर मधेशीद्धारा मधेशमा अनियन्त्रित वसाई सराई तथा जग्गा जमिन खरिद विक्रिमा वन्देज लगाउनु पर्ने ।
६. आन्दोलनको मारमा परेका कृषक ऋणिहरूको व्याज, ऋण तथा व्यापारी ऋणहरूको सम्पूर्ण व्याज मिनाहा गर्नु पर्ने ।
७. पहिलेको शेना प्रहरी विघटन गरी ५० प्रतिशत मधेशीमुलकोलाई समाबेश गरेर नया“ किसिमले बनाउनु पर्ने । मधेशी टाईगर्समा आवद्ध सेना, अर्धसेना तथा स्वयंसेवकहरूलाई राष्ट्रस्तरका सेना सरह मधेश मुक्ति सेना स्थापना गर्नु पर्ने ।
८. संविधानसभा पूर्व कर्मचारी सरुवा, वढुवा, नियुक्ती वन्द गर्नु पर्ने ।
९. वैज्ञानिक तथा कम्प्यूटर प्रणालीद्धारा राष्ट्रिय जनगणना गर्नु पर्ने ।
१०. रक्षा, परराष्ट्र, मौद्रिक नीति वाहेक संघीय लोकतान्त्रिक गणतन्त्र अर्न्तगत आत्मनिर्णय अधिकार सहित अखण्ड मधेश प्रदेशको स्थापना गर्नु पर्ने ।
११. त्रुटि पूर्ण अन्तरिम संविधानलाई संशोधन गरी पूर्णता प्रदान गर्नु पर्ने ।
१२. आन्दोलनरत पार्टी, संघ, संगठन, मधेशी, जनजाती, आदिवासी, दलित, महिला सहितका समानुपातिक सहभागिताको आधारमा अन्तरिम व्यवस्थापिका संसद र अन्तरिम सरकारको पुनगठन गर्नु पर्ने ।
१३. निर्वाचन आयोगका प्रमुखमा मधेशी तथा अन्य कर्मचारीहरूमा समानुपातिक उपस्थिती हुनु पर्ने । साथै न्यायलयमा मधेशी मुलका मानिसलाई समाबेश गर्नु पर्ने ।
१४.संविधानसभाको लागि पूर्ण समानुपातिक प्रतिनिधित्व प्रणालीको आधारमा संविधानसभाको संरचना निर्माण गर्नु पर्ने ।

मधेशी मुक्ति टाइगर्सका बार्ता पूर्वका सर्तहरू :

१) बर्तमान बार्ता टोली संग बार्ता नगर्ने । बार्ताटोली पुनर्गठन हुनुपर्ने ।
२) सरकारले बार्ताको बातावरण बनाउनु पर्ने । बार्ताटोलीका सदस्य बार्ता गर्ने भन्दैछन् अर्को तर्फ गृहमंत्री मधेशका सशस्त्र समुहलाई गाली गर्दै हिडेका छन् । मंत्रिमण्डलका मानिसहरू नै दुई प्रकारले कुरा गर्दै हिडनुले सरकार बार्ता गर्ने मनस्थितिमा छैन भन्ने देखिन्छ ।
३) बन्दी रहेका नेता र कार्यकर्ताहरूको रिहाई ।
४) बार्ताको टेबुलमा जाँदा बार्ताटोलीका सदस्यसंग जाने अंग रक्षकले हतियार लिएर जान पाउनु पर्ने ।
५) बार्ता अबधिभर सार्वजनिक सभा र जुलुश गर्न पाउनु पर्ने ।

समग्रमा हेर्दा मधेशी मुक्ति टाइगर्सको मुख्य माग भनेको आत्मनिर्णय सहितको संघिय राज्य, समग्र मधेश एक प्रदेश हुनु पर्ने र मधेशी सेनाको सामुहिक प्रबेश हुनुपर्ने थियो । संघीयतामा ८ जिल्लाको मधेस प्रदेश भइसकेपछि उनीहरूको समग्र मधेस एक प्रदेशको मुद्दा समेत ओझेलमा परेको छ । यो मुद्दालाई अहिले उपेन्द्र यादवले नेतृत्व गरेको जनता समाजवादी पार्टीले उठाइरहेको छ ।

मधेश मुक्ति टाईगर्सका केन्द्रिय संयोजक राजनले एक बिज्ञप्ति जारीगरी सरकारको वार्ता प्रस्तावलाई तराईका सशस्त्र समुहले सकारात्मक रूपमा लिदै बिभिन्न सर्त अघिसारे पनि सरकारले वार्ताको बातावरण नबनाएको भन्दै सरकारी वार्ता प्रस्ताव अर्न्तराष्ट्रिय क्षेत्रमा भ्रम सृजना गर्नका लागि मात्र भएको बताएका थिए । मधेसी मुक्ति टाइगर्सका राजन समुह बार्तामा नगए पनि केही केन्द्रिय सदस्य फुटेर भोलाप्रसाद मुखियाको संयोजकत्वमा बार्ता टोली बनाएर सरकारसंग बार्ता गरी संझौता गरेको र मुखियाले निर्वाचन आयोगमा राजनीतिक पार्टी समेत दर्ता गरेका थिए ।

**घ) मधेश राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी) का मागहरू :**

सप्तरीका रामवावु यादव (रणबीर सिंह) ले नेतृत्व गरेको जनतान्त्रिक तराई मुक्ति मोर्चा र सन्देश उर्फ मैनेजर महतोले नेतृत्व गरेको मधेश तराई मुक्ति मोर्चा एकीकृत भएर बनेको मधेश राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी) का मागहरू निम्न लिखित छन् ।

१) प्रधानमन्त्री वा राष्ट्रपतिको नेतृत्वमा बार्ता समिति बनाउनु पर्ने ।

२) समग्र मधेश एक प्रदेश बनाउनु पर्ने । कसैले यसको विरोध गर्दछ भने कुनै व्यक्ति वा पार्टीको आधारमा एकको छिनो फानो नभई सरकारले निर्वाचन कमिटि बनाई तराईमा समग्र मधेश एक प्रदेश आबश्यक छ कि छैन भनि जनमतसंग्रह गराउनु पर्ने । आएको जनमतको निर्णयलाई सबैले मान्नुपर्ने ।

३) कार्यपालिका र न्यायपालिकामा मधेशी समुदायको जनसंख्याको आधारमा प्रतिनिधित्व हुनु पर्ने ।

बार्ता सम्बन्धमा वि.सं. २०६४ कात्तिक ६ गते जारी विज्ञप्तीमा भनिएको थियो, मधेश राष्ट्र जनतान्त्रिक पार्टी (क्रन्तिकारी)ले समेत विवश विद्रोहीको नेतृत्वमा सरकारसंग बार्ता गर्न ५ सदस्यिय समिति बनाएको उल्लेख थियो । वार्ताको निम्ती नेपाल सरकार द्वारा आवश्यक वातावरण निर्माण भएमा मधेश मुक्तिको खातिर वार्ताद्वारा पनि अधिकार स्थापित गर्नेमा पार्टी गम्भिर छ । तर नेपाल सरकारको लगातारको व्यवहार मधेश मुक्ति विरोधी र शान्ति विरोधी समेत रहेको हाम्रो निष्कर्ष छ, अतः वार्ताको निम्ती गम्भिर हुनु अपरिहार्य छ । यति भन्दा भन्दै पनि वि.सं. २०७१ साउन २६ गते जनकपुरमा र वि.सं. २०७५ असोज ६ गते लहानमा मधेश राट्रजनतान्त्रिक पार्टी क्रान्तिकारीले सरकारको बार्ता टोलीसंग बार्ता गरेर सहमतिहरू गरेको छ । तर उक्त सहमतिमा बन्दी र अभियोगहरू बार्ता समितिलाई उपलब्ध गराउने, यसका लागि सूचना संकलन गर्न राजनीतिक बार्ता टोलीले गृहमन्त्रालयलाई पत्रलेखि सहजिकरण गरिदिने, बार्ता अवधिभर बार्तामा आउनेहरूको सुरक्षाको व्यवस्था गर्ने, सूचनाहरू संकलन पछि पार्टीले उठाएको मागहरू कानून बमोजिमका जायज मागहरूका सम्बन्धमा टुंगोमा पुग्न शीघ्र अर्को वैठक आयोजना गर्ने भनिएको छ । तर त्यसपछि वैठक बसेको छैन ( सिंह, अनिल : २०८० भदौ ७) ।

**ङ) जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति) का मागहरू :**

राजन मुक्तिले नेतृत्व गरेको जनतान्त्रिक तराई मुक्ति मोर्चाले सरकारले पठाएको बार्ताको पत्र बुझे पनि उसले सरकारसंग राखेका सर्तहरू निम्न अनुसार थिए ।

१) सरकारी बार्ताटोली विघटन गरी अर्को बार्ता टोली बनाउनु पर्ने ।
२) तराईमा जनमत संग्रह गराएर स्वतन्त्र तराई राष्ट्रको वारेमा निर्णय लिनु पर्ने ।
३) तराईवाट सरकारी सेना र प्रहरीलाई फिर्ता बोलाउनु पर्ने ।
४) तराईमा संविधानसभाको अस्तित्व समाप्त पार्नुपर्ने ।
५) संयुक्त राष्ट्र संघको मध्यस्ततामा बार्ता हुने ।

**च) तराई संयुक्त जनक्रान्ति पार्टीका मागहरू :**

तराईमा सशस्त्र संघर्ष गरिरहेको यस पार्टीले वि.सं. २०६४ कात्तिक ७ गते विज्ञप्ती जारी गरी सरकारसंग ९ बुदे शर्त अघि सारेको छ ।

पार्टीका प्रवक्ता अनुरागले जारी गरको विज्ञप्तीमा सम्पूर्ण तराई मधेस क्षेत्रलाई आत्मनिर्णयको अधिकार सहित एक स्वायत्त प्रदेशको रूपमा स्पष्ट व्याख्या हुनुपर्ने भनिएको छ । अनुरागले विज्ञप्तीमा मधेस आन्दोलनको क्रममा मारिएकाहरूलाई सहिद घोषणा र अपांगलाई क्षतिपूर्ति संयुक्त मधेसी मोर्चासँग भएको ८ बुँदे सम्झौताको कार्यान्वयन, वार्ता टोलीको सुरक्षाको ग्यारेन्टी, पक्राउ परेका आफ्ना कार्यकर्ताहरूको मुद्दा खारेजी र रिहाई, मधेसीलाई जनसंख्याको आधारमा सेनामा प्रवेश, जनसंख्याको अनुपातमा तराईमा बजेटमा विनियोजन र शान्ति सुरक्षाको नाममा मधेसमा भइरहेको कार्वाही बन्द गरिनुपर्ने लगायतका माग अघि सारेका छन् ।

विज्ञप्तीमा आफूहरू शर्त सहित वार्ताको लागि तयार रहेको भएपनि सरकारमा रहेका मन्त्रीहरूको अभिव्यक्ति र गृह मन्त्रीको धम्कीका कारण वार्ताको वातावरण विथोलिने सम्भावना रहेको भन्दै गृहमन्त्रीले अभिव्यक्ति दिए जस्तै सरकार तराईमा दमनमा उत्रिए त्यसको सशक्त प्रतिकार गरिने समेत चेतावनी दिएका छन् ।

**छ) तराई कोब्राका मागहरू :**

तराई कोब्राका अध्यक्ष नागराजले २३ अक्टुवर २००८ मा सरकारसंग बार्ता गर्नका लागि पठाएको पत्रमा उनीहरूको माग निम्न अनुसार उल्लेख गरिएको छ ।

१) स्वतन्त्र तराई राष्ट्र निर्माणको अबधारणालाई स्थापित गर्न तराईमा जनमत संग्रह गराउनु पर्दछ ।
२) नेपाल सरकारले गराएको संविधानसभाको चुनावलाई तरार्यमा निरस्त गर्नुपर्छ ।
३) तराईको सीमा बर्तमान भारतीय सीमादेखी तत्कालिन भित्री मधेस सम्म अर्थात ५५ देखि ६५ किलोमिटरसम्म कायम गरिनुपर्दछ ।
४) तराईबाट नेपाल सरकारको सम्पूर्ण सेना, प्रहरी तथा पहाडे कर्मचारीहरूलाई हटाउनु पर्दछ ।
५) तथाकथित सुकुम्बासीको नाममा पहाडी जिल्लावाट समुहगत रूपमा तराईमा बसोबास गराइएका मानिसहरूलाई जहाँ, जुन जिल्लाबाट आएका हुन त्यही जिल्लामा फर्काएर तराईमा मधेसीहरूको मात्र बसोवास हुनुपर्दछ ।

तराईमा खुलेका भूमिगत सशस्त्र संगठनहरूले माथी उल्लेख गरेजस्तै मागहरू अन्यले पनि राखेका थिए । पहाडे समुदायप्रति नकारात्मक भावना राखेर मागहरू राखिएको र तराईमा पहाडी समुदायहरूलाई अपहरण गर्ने, हत्या गर्ने, फिरौति लिने कामहरू समेत भूमिगत संगठनहरूले गरिरहेका थिए । केही संगठनहरू चार पाँचजनाको मात्र हुने गरेको थियो । सरकारको वार्ता टोलीले सबैसंग बार्ता गरेको पाइदैन । जे जतिसंग बार्ता गरेको छ सबैसंग गरेको संझौतामा कैदीहरू रिहा र मुद्दा फिर्ताका लागि कानूनको अधिनमा रहेर गर्ने भनेकोले सरकारको निर्देशनमा चलेका मुद्दाहरू हटाउन सकेपनि हत्या, अपहरणको आरोप लागेर पिडित पक्षले आफै

हालेको मुद्दामा भने सरकारले मुद्दा फिर्ता लिन नसक्ने भएकोले बार्ता र संझौताहरू पूर्णरूपमा कार्यान्वयन हुन सकेन ।

सरकार परिवर्तन हुने वित्तिकै बार्ता समितिहरू पनि परिवर्तन हुने भएकोले पनि एउटाले गरेको संझौतालाई थाती राखेर अर्कोले फेरी शुरुवाटै प्रक्रिया थाल्दा समेत ढिलाई भएको देखिन्छ । बार्ताका लागि राखिएका कतिपय मागहरू संविधान जारी भएसंगै पुरा भएका र कतिपय मागको औचित्य समाप्त भइसकेको देखिएकोले समेत बार्ताका प्रयासहरूले तत्काल समस्या समाधान गरेजस्तो देखिए पनि दीर्घकालिन समस्या समाधान गर्न भने असफल नै रहेको छ । पछि फेरी पनि बार्ता गर्नुपर्ने स्थितिमा सरकार प्रतिको विश्वास विद्रोही पक्षाबट टुटदै जाने देखिएको छ ।

संविधानसभाको निर्वाचन हुनु अघिदेखि नै भूमिगत संगठनहरूले विज्ञप्ती जारी गरेर मागहरू प्रस्तुत गर्ने र सरकारले समेत बार्ताका लागि पत्रहरू पठाउने कामहरू गरिरहेको थियो । संविधानसभाको निर्वाचन पछि संविधानसभा नियमावली, २०७० को नियम ६५ को उपनियम (८) बमोजिम संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिले 'संविधानसभा बाहिर रहेका विभिन्न राजनीतिक दल तथा सरोकारवालाहरूसंग वार्ता गरी संविधान निर्माणमा सबैको सहयोग जुटाउनु पर्ने भन्ने उत्तरदायित्व र जिम्मेवारी पुरा गर्न संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिले मिति २०७१ जेठ ८ गते गठित प्रारम्भिक वार्ता उपसमितिले सो अनुरूप नेपाल सरकारका सहमति र सहकार्यमा विभिन्न समयमा विभिन्न राजनीतिक दल, सशस्त्र समूहहरूसंग बर्ता गर्दै आएको थियो (हेर्नुहोस परिशिष्ठ १) । यो क्रम वि.सं. २०७५ सालमा सरकारले सांसद सोमप्रसाद पाण्डेको संयोजकत्वमा गठन गरेको राजनीतिक वार्ता टोली, २०७५ले समेत पटक पटक बार्ताहरू गरेर संझौता गर्ने, कारागार, गृह प्रशासन लगायतलाई पत्रहरू पठाएर निर्णयहरू पठाउने र सुरक्षाको व्यवस्था मिलाउन भन्ने जस्ता कुराहरू गरेको थियो । नेपालको शान्ति प्रक्रियालाई पुरा गर्नका लागि पनि मधेसका सशस्त्र भूमिगत संगठनहरूसंग सरकारले बार्ता गरेर सहमतिहरू खोज्ने प्रयासहरू गरेको छ । सरकारले बर्ता गर्दै छोडदै गर्दा धेरै जसो सशस्त्र भूमिगत संगठनहरू भएका सहमतिहरू कार्यान्वयनका लागि सहमति कार्यान्वयन सहयोग अभियान संचालन गरेर अघि बढेका छन् ।

बार्ताका संझौता अनुसार कार्यकर्ताहरूको रिहाई नभएको र तराईमा सुरक्षा निकायले गैरकानूनी हत्या श्रृखलाबद्ध ढंगले गरिरहेको भन्ने आरोप लगाउँदै बार्तामा बसिरहेका सशस्त्र समुहहरू फिर्ता भई भूमिगत आन्दोलन गरिरहेका छन् । कोही सार्वजनिक भएर जीवन गुजारा तर्फ लागेका छन् । सरकारले हतियार सहित आत्म समर्पण गर्नेहरूलाई प्रकृया पुऱ्याएर सार्वजनिक जीवनमा ल्याउने अभियान संचालन गरेकाले केही सशस्त्र समुहका मानिसहरू आत्मसमर्पण गर्दैछन् भने केही हतियार सहित पक्राऊ पर्ने गरेको पाइन्छ ।

मधेस विद्रोह कै प्रभावले गर्दा राष्ट्रिय योजना आयोगको तीन बर्षिय अन्तरिम योजना ( २०६४/६५-२०६६/६७ ) मा सबावेशी विकासका लागि समाजमा विद्यमान विभेदपूर्ण स्थिति र राज्य व्यवस्थाको संरचनागत कमजोरीले गर्दा पछाडी पारेका वा पारिएका बर्ग, महिला, आदिवासी जनजाति, दलित, मधेसी, मुस्लिम, असाहय, अपाङ्ग, अति गरिब व्यक्ति तथा समुह एवं विकट भौगोलिक क्षेत्र समेतलाई केन्द्रित गरी स्पष्ट नीति, संस्थागत संरचना तथा कार्यक्रम कार्यान्वयन गरिनेछ भनी उल्लेख गरिएको छ (तीन बर्षिय अन्तरिम योजना : २७) । त्यसैगरी योजनाको प्रमुख नीतिहरूमा विपन्न, दलित, आदिवासी, जनाजाति, मधेसी, पिछडिएको वर्ग,अपाङ्ग, मुक्त कमैया, तथा रूपमजीवीहरूको खाद्य सुरक्षा, सामाजिक आर्थिक शसक्तिकरणका लागि लगत तयार गरी विशेष लक्षित नीतिहरू ल्याइने कुरा उल्लेख छ ( तीन बर्षिय अन्तरिम योजना : ३१ ) । भूमिगत शसस्त्र संगठनका मागहरू सम्बोधन छुट्टाछुट्टै नगरेपनि समष्टिगत रूपमा मधेसी समुदायलाई आरक्षणका लागि समानुपातिक, समावेशीका कुराहरू नयाँ संविधानमा समेत समावेश गरेपछि सशस्त्र आन्दोलन गर्नेहरू परिस्थिति मिलाएर विभिन्न राजनीतिक पार्टीमा समाहित हुने काम पनि गरेका थिए ।

नेपाल सरकारको वार्ता टोली र जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति समूह) को वार्ता टोली बीच मिति २०६५ पुस २६ गते जनकपुरमा सौहार्दपूर्ण वातावरणमा वार्ता भएको थियो । । पछिल्लो बार्ताटोलीले वि.सं. २०७१ साउन २५ गते संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा ( गुप्ता समूह)संग जनकपुरमा बार्ता गरेको थियो भने सोही बर्षको साउन २६ गते जनकपुर मै जनतान्त्रिक तराई मुक्तिमोर्चा ( पृथ्वी समूह)संग बार्ता गरेर संझौता गरेको थियो । जनकपुरमा २०७५ साउन २६ गते नै अखिल तराई मुक्ति मोर्चा ( अजित सिंह), मधेश राष्ट्रजनतान्त्रिक पार्टी ( क्रान्तिकारी ) र मधेसी भाइरस किलरसंग बार्ता गरेर संझौता गरेको थियो । त्यसैगरी संयुक्त जनतानित्रक तराई मुक्ति मोर्चा ( पवन समुह) संग वि.सं. २०७१ ऋसोज ७ गते काठमाडौंमा र जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी ( भगतसिंह समूह) संग वि.सं. २०७१ भ्दौ ७ गते सरकारी बार्ता टोलीले बार्ता गरेर प्रारम्भिक संझौता गरेको थियो ।

वि.सं. २०७१ असोजदेखि मंसिर महिना भित्रमा जनकपुर, काठमाडौं र भैरहवामा गरी संयुक्त जनक्रान्ति पार्टी नेपाल (गजेन्द्र मण्डल समूह), तराई मलेटरी मोर्चा, संयुक्त जातिय मुक्ति मोर्चा महरा समूह र तराई मधशी टाइगर्स पार्टी संग सरकारले बार्ता गरेको थियो । त्यसपछि एकै पटक वि.सं. २०७५ साल असोज ६ र ७ गते लहानमा तराईका ६ बटा भूमिगत संगठनहरूसंग सोम प्रसाद पाण्डेको नेतृत्वमा रहेको राजनीतिक बार्ता टोली, २०७५ले बार्ता गर्दै सहमतिहरू गरेको थियो (सिंह, अनिलकुमार : २०८० भदौ ७ ) । मधेस राष्ट्र जनतान्त्रिक पार्टी ( क्रान्तिकारी)ले वि.सं. २०७५ मंसिर ७ गते राजनीतक बार्ताटोली, २०७५ संयोजक सोम प्रसाद पाण्डेयलाई सहमति सम्झौता कार्यान्वयनका लागि बार्ता टोलीका संयोजक रामनारायण यादव ( रणविर सिंह)ले पत्र पठाएको र उक्त पत्र राजनीतक बार्ता टोलीको कार्यालयमा दर्ता समेत भएको देखिन्छ ( हेर्नुस परिशिष्ठ २) । उक्त पत्रमा २०७१ साल मंसिर २० गते जनकपुर र मंसिर २१ गते राजविराजमा पार्टीसंग भएको हतियारहरू नेपाल सरकारलाई बुझाई सकेको र माग भए बमोजिमपार्टीका बन्दीहरू, एवं भूमिगत नेता तथा कार्यकर्ताहरूको नामावली र मुद्दाहरूको विवरण सहितको कागजातहरू प्रारम्भिक बार्ता उपसमितको कार्यालयमा बुझाए पनि मुद्दा फिर्ता, बन्दीको रिहाई लगायतका कामहरू नभएकोले सहमति कार्यान्वयनका लागि नेपाल सरकारलाई ध्यानआकर्षण गरिएको भनेको छ (हेर्नुस परिशिष्ठ २) । पछिल्लो समय नारायणकाजी श्रेष्ठ गृहमन्त्री भएपछि संझौता कार्यान्वयन गराउन पहाडमा पहाडी समुदायबाट संचालित र मधेसमा मधेसी समुदायबाट संचालित सबै भूमिगत सशस्त्र संगठनहरू एउटै छातामा आवद्ध भएर सरकारलाई संझौताहरू कार्यान्वयन गर्न अनुरोध गर्न ‘सहमति कार्यान्वयन सहयोग अभियान’ गठन गरेर सरकारसंग बार्ता गर्ने प्रयास गरे पनि सफल भइरहेका छैनन् ( सिंह, अनिलकुमार : २०८० भदौ ७) । सरकारले पटक पटक मधेसका भूमिगत संगठनहरूसंग बार्ता गरेर संझौता गरेको निर्णय पुस्तिकाका प्रतिलिपिहरू भूमिगत संगठनका प्रतिनिधिहरूले सरोकारवालाहरूलाई उपलब्ध गराउने र संझौता कार्यान्वयनका लागि पहल गरिदिन नागरिक समाजहरूकोमा गएर पैरवी गरिरहेका छन् । तर पनि संझौता कार्यान्वयन हुने अवस्था देखिएको छैन ।

## निष्कर्ष

तराईमा सशस्त्र गतिविधि गर्नेहरूको माग र उनीहरूमध्ये केही पार्टी र समूहसंग सरकारले विभिन्न मितिमा गठन गरेको बार्ताटोलीसंग गरेको संझौताहरू अध्ययन गर्दा मधेसीहरू अधिकार, आत्मसम्मान, राजनीतिक, प्रशासनिक, सुरक्षा निकाय र निजामती कर्मचारीको सबै तहमा समानुपातिक र समावेशी अवसर दिनुपर्ने मागहरू राखेर आन्दोलनमा आएका थिए । पछिल्लो समय जयकृष्ण गोइतले नेतृत्व गरेको अखित जनतान्त्रिक तराई मुक्रि मोर्चाले भने छुट्टै मधेस देशको माग गर्दै आन्दोलनको मागहरूमा परिवर्तन गरेका थिए

। मधेसमा भएका आन्दोलनहरूमा सशस्त्र गतिविधि गरिरहेका भूमिगत संगठनहरूले पहाडी समुदायप्रति गरेको नकारात्मक व्यवहारले धेरै जसो हुनेखाने पहाडी समुदायका मानिसहरू बर्दिवास, गाइघाट, इटहरी, विराटनगर, हेटौडा, चितवन, काठमाडौं तर्फ बसाई सरेका जानुपर्ने अवस्था सृजना भएको थियो । सरकारले बर्ता गरेपछि अहिले धेरैजसो सशस्त्र गतिविधिगर्नेहरू हतियार बुझाएर मूलधारको राजनीतिमा आइसकेका छन् भने जयकृष्ण गोइत, राजन प्रताप, ज्वाला सिंह जस्ता व्यक्तिले नेतृत्व गरेको सशस्त्र भूमिगत पार्टीहरू अझै बार्तामा आएका छैनन् ।

नेपालको इतिहास मै माग माथी माग थोपर्ने र सरकारले पनि सरकार परिवर्तन संगै नयाँ नयाँ मन्त्री र अन्य नागरिक स्तरको व्यक्तिहरूको नेतृत्वमा बार्ताटोली बनाएर बार्ता गर्ने र सैद्धान्तिक मागहरूमा ध्यान नदिई हतियार बुझाउन लगाउने, बन्दी रिहा गर्ने र लागेको मुद्दाहरू हटाउने काम बाहेक अन्य केही गरेको देखिदैन । संझौता कार्यान्वयनका लागि 'सहमति कार्यान्वयन सहयोग अभियान' संचालन गरेर पटक पटक सरकारसंग आफूहरूसंग गरेको संझौताहरू कार्यान्वयनका लागि तागेता गरेता पनि संझौताहरू पूर्णरूपमा पालना भएको छैन । धेरै जसो सशस्त्र संघर्ष गरिसकेकाले हतियार बुझाएको र सुरक्षित तरिकाले राजनीतिमा अवतरण गर्नका लागि कोही नेकपा एमालेमा, कोही नेकपा माओवादी केन्द्रमा, कोही नेपाली कांग्रेसमा त कोही मधेस केन्द्रित दलहरूमा प्रवेश गरेर राजनीति गरिरहेका छन् । केही कैद जीवन यापन गरिरहेकाहरू नछुटेका र मुद्दाहरू लागि रहेकोले यसबाट मुक्तिका लागि विभिन्न मागहरू राखेर २७ वटा सशस्त्र पार्टीहरूले संयुक्त प्रयास गरिरहेका छन् । उनीहरूको संगठन कमजोर भएकाले विज्ञप्ती र कागजी क्रियाकलापमा मात्र गतिविधि सिमित भएकाले पनि सरकारले तराईको सशस्त्र गतिविधि गर्नेहरूको समस्या समाधान गर्न वि.सं. २०७६ पछि खासै चाँसो देखाएको छैन । बार्तामा नआएका सशस्त्र गतिविधि गर्नेहरू बार्तामा आएर राजनीतिको मूलधारमा आउने र बार्ता गरिसकेकाहरूलाई पनि उनीहरूसंग गरेका बाचाहरू सरकारले पुरा गर्नुपर्दछ ।

## सन्दर्भ सामाग्री :

### प्राथमिक स्रोतहरू (अन्तर्वार्ता)

यादव, रामरिझनसँग वि.सं. २०८० भाद्र २६ गते सिरहामा लिइएको अन्तर्वार्ताअनुसार, यादव बरीष्ठ पत्रकार तथा जयकृष्ण गोइतलाई भेटन जाने टोलीमा रहनुभएको व्यक्तित्व हो । उहाँले मधेस आन्दोलन र मधेसका विषयमा पुस्तक, लेखहरू लेख्नु भएको छ । लाल मधेस र मिथिला टाइम्सको सम्पादक रहिसक्नु भएको छ । डा. बाबुराम भट्टराई प्रधानमन्त्री छँदा उहाँ प्रधानमन्त्रीको प्रेस सल्लाहकार हुनुहुन्थ्यो ।

सिंह, अनिलकुमारसंग २०८० भदौ ७ गते काठमाडौंमा गरिएको अन्तर्वार्ता अनुसार, सिंह मधेश राष्ट्रजनतान्त्रिक पार्टी क्रान्तिकारीको तर्फबाट सरकारको बर्ताटोलीसंग बार्ता गर्ने एक प्रतिनिधि तथा पार्टीको उपाध्यक्ष हुनुहुन्छ । उहाँ अहिले सशस्त्र भूमिगत संगठनहरूको तर्फबाट सरकारलाई संझौता कार्यान्वयनका लागि दवाव दिन बनाइएको सहमति कार्यान्वयन सहयोग अभियानका संयोजक हुनुहुन्छ ।

सिंह, ज्वालासंग वि.सं. २०६३ फागुन ४ गते भारतको दरभंगामा लिइएको अन्तर्वार्ता अनुसार, सिरहा नगरपालिकाका नागेन्द्र कुमार पासमानको पार्टीको नाम ज्वाला सिंह हो । उहाँ तराई जनतान्त्रिक मुक्तिमोर्चा ज्वाला सिंह समूहको अध्यक्ष हुनुहुन्थ्यो । सिरहामा पत्रकारका रूपमा कार्यरत सिंह नेपाल पत्रकार माहासंघको उपसभापति रहुन भएको थियो ।

### द्वितीय स्रोत (पुस्तक तथा अन्य)


झा, हरिबंश । सन् १९९४ । *नेपाल मे तराई समुदाय एवं राष्ट्रिय एकता* । काठमाण्डौ : सेन्टर फर इकानामिक एण्ड टेक्निकल स्टडीज ।

ठाकुर, महानन्द । २०५२ । *अमर सहीद रघुनाथ ठाकुर : मधेशीका जीवन बृत्त और उनकी कृतियाँ* । राजविराज : महानन्द ठाकुर ।

तीन बर्षीय अन्तरिम योजना । २०६४ मंसिर । काठमाण्डौ : राष्ट्रिय योजना आयोग ।

मिश्र, विजयप्रसाद । २०७४ । नेपालमा मधेस आन्दोलन ( वि.सं. २०५४ देखि राजतन्त्रको अन्त्यसम्म), त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत इतिहास विषयमा विद्यावारिधि उपाधिका लागि प्रस्तुत शोधप्रबन्ध ।

## परिशिष्ट १



संविधानसभा
संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति

संविधानसभा सचिवालय
संसद भवन, सिंहदरबार
काठमाण्डौ, नेपाल

मिति : २०७१/९/२२

प.सं. :- ०७१/०७२
च.नं. :- १७१

माननीय उपप्रधान तथा गृहमन्त्रीज्यू,
गृह मन्त्रालय,
सिंहदरबार ।

संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति सम्बद्ध **प्रारम्भिक वार्ता उपसमिति**को आज बसेको बैठकमा देहायको निर्णय भएकोले आवश्यक कार्यार्थ उपलब्ध गराईएको व्यहोरा अनुरोध गर्दछु ।

"संविधानसभा नियमावली, २०७० को नियम ६५ को उपनियम (८) बमोजिम संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिले "....**संविधानसभा बाहिर रहेका विभिन्न राजनीतिक दल तथा सरोकारवालाहरुसंग वार्ता गरी संविधान निर्माणमा सबैको सहयोग जुटाउनु पर्ने"** भन्ने उत्तरदायित्व र जिम्मेवारी पुरा गर्ने संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिद्वारा मिति २०७१ जेठ ८ गते गठित प्रारम्भिक वार्ता उपसमितिले सो अनुरुप नेपाल सरकारका सहमति र सहकार्यमा विभिन्न समयमा विभिन्न राजनीतिक दल, सरोकारवालाहरु सहित सशस्त्र समूहसंग वार्ता सहित सहमति/सम्झौता गर्दै आईरहेको विदितै छ ।


वार्ताका क्रममा भएका सहमति/सम्झौता अनुरुप विभिन्न सशस्त्र समूहहरुले आफुसंग रहेका हात हतियारहरु उपसमितिको रोहवरमा नेपाल सरकारलाई विभिन्न जिल्लामा बुझाई सकेका र बाँकी केही शसस्त्र समूहहरु बुझाउने तयारीमा रहेका छन् । विगतमा सरकारसंग र वर्तमानमा उपसमिति एवं सशस्त्र समूहका बीच भएको सहमति/सम्झौता अनुरुप त्यस्ता शसस्त्र समूहरुका नेता, कार्यकर्तालाई लागेको राजनीतिक प्रकृतिका मुद्दा फिर्ता, राजनीतिक आस्थाका कैदी बन्दीहरुको रिहाई जस्ता सरकारको तर्फबाट सम्पन्न गर्नु पर्ने कार्यहरु विद्यमान ऐन, कानून र नियमको प्रावधानहरुका कारण सम्पन्न गर्न कठिनाई भएको व्यहोराको जानकारी बैठकमा प्राप्त भयो ।

अतः उपसमिति तथा यस अघि नेपाल सरकार र सशस्त्र समूह बीच भएका सहमति/सम्झौता अनुरुपको कार्य सम्पन्न गर्न निम्न विषयहरु लगायतका अन्य आवश्यक विषयहरुलाई समेत समेटी सम्बन्धित निकायहरुको संलग्नतामा पैंतालीस दिनभित्र प्रतिवेदन सरकारमार्फत यस उपसमितिलाई उपलब्ध गराउने गरी कार्यदल गठन गरी कार्य सम्पन्न गर्न गराउन माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्रीलाई यो बैठक निर्देश गर्दछ ।

**कार्यक्षेत्र :**

- राजनीतिक मुद्दाको प्रकृति अनुरुप विद्यमान ऐन, नियम अनुसार नै तत्काल मुद्दा फिर्ता लिन सकिने मुद्दा र सम्बन्धित व्यक्ति पहिचान सहित सोको लागि आवश्यक पर्ने कार्यविधि,

# परिशिष्ट २



मधेश राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)

Madhesh Nation Democratic Party (Revolutionary)

०७५/०७६ केन्द्रीय समिति २०७५/०८/०६

०३

माननीय श्री सोम प्रसाद पाण्डेय ज्यू ।
संयोजक
राजनीतिक वार्ता टोली २०७५
नेपाल सरकार

विषय :- सहमति सम्झौता कार्यान्वयन सम्बन्धमा ।

देश भित्र रहेका असन्तुष्ट सशस्त्र तथा निशस्त्र राजनीतिक संगठनहरूलाई शान्तिपूर्णले मूलधारको राजनीतिमा ल्याउन र विगतको वार्ता प्रक्रियालाई अगाडि बढाउन नेपाल सरकारद्वारा राजनीतिक वार्ता टोली २०७५ गठन गर्नु सकारात्मक र अति सार्थक कदम हो । यस सन्दर्भमा राजनीतिक वार्ता टोली २०७५ र मधेश राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी) बीच मिति २०७५ साल आश्विन ६ गते सिराहा जिल्लाको लहान नगरपालिकामा वार्ता सम्पन्न भयो । वर्तमान सरकारले विगतमा भए गरिएका सम्झौताहरूलाई पूर्णरूपले कार्यान्वयन गर्ने र गराउनेमा हामी विश्वस्त छौं । त्यसै, विगतमा मधेश राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी) र संविधानसभा अन्तरगतको संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिद्वारा मिति २०७१/०२/०८ मा गठित प्रारम्भिक वार्ता उपसमिति बिच भएका सहमति सम्झौता कार्यान्वयन सम्बन्धमा र उक्त समितिद्वारा गरिएका निर्णयहरूको बारेमा गम्भिर ध्यानाकर्षण गराउन चाहन्छौं । उक्त सम्झौता पत्र एवं निर्णयको प्रतिलिपीहरू पनि साथै संलग्न गरेका छौं ।

प्रारम्भिक वार्ता उपसमिति र मधेश राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी) बीच मिति २०७१/०४/२६ गते जनकपुर स्थित रामाहोटलमा दुवै पक्षद्वारा हस्ताक्षरित पत्रमा नेपाल सरकारको तर्फबाट **प्रारम्भिक वार्ता टोलीका संयोजक माननीय श्री आनन्द प्रसाद ढुंगाना** ज्यू र हाम्रो पार्टी को तर्फबाट वार्ताटोलीका **संयोजक श्री रणवीर सिंह ज्यू** रहनुभएको थियो । मधेश राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी) ले गरेका **प्रतिबद्धताहरू** पालना गर्दै, पार्टीको मातहत रहेका **सम्पूर्ण हातहतियारहरू** मिति २०७१ मंसिर २० गते जनकपुर र २१ गते सप्तरीमा वार्ता टोली सदस्यहरूको रोहवरमा नेपाल सरकारलाई बुझाई सकेको छ र कारागारमा रहेका **बन्दीहरू एवं भूमिगत नेता तथा कार्यकर्ताको नामावली र मुद्दाहरूको विवरण सहितको कागजातहरू** प्रारम्भिक वार्ता उपसमितिको कार्यालय संविधानसभाको सचिवालय संसद भवनमा मिति २०७१/०५/०५ गते र मिति २०७१/११/०४ गते मा प्रकाशित गोरखा पत्रको माध्यमबाट माग भए अनुसार, सहमति सम्झौता सुझाव कार्यदल २०७१ को कार्यालय, शान्ति तथा पुर्ननिर्माण मन्त्रालय सिंहदरबार काठमाण्डौमा मिति २०७१/११/१८ गते नै बुझाई सकेका छौं । तर सहमति सम्झौता विपरीत हाम्रो वार्ता टोली का सदस्यहरूलाई पक्राउ गर्ने, विभिन्न कारागार भित्र रहेका कार्यकर्ताहरूको हत्या हुने तथा स्वास्थ्य उपचारको व्यवस्था नगराईदिने देखि लिएर **हाल सम्म कार्यकर्ताको घर खानतलासी गर्ने** र पक्राउ गरी झुठा मुद्दा लगाउने जस्ता कार्य सम्झौता विपरितको कदम हो । त्यसैले हाम्रो सुरक्षाको प्रत्याभूति, राजनीतिक व्यवहार, आर्थिक व्यवस्थापन, मुद्दा फिर्ता, बन्दीको रिहाई, गैरन्यायिक हत्याको छानविन, क्षतिपूर्ति र शहिद घोषणा इत्यादि अविलम्ब गर्न/गराउन यस **राजनीतिक वार्ता टोली मार्फत् नेपाल सरकारलाई सादर ध्यानाकर्षण** गराउन चाहन्छौं ।

संयोजक
श्री [illegible]नारायण यादव (रणविर सिंह)
वार्ता टोली